नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
# वन तथा भू-संरक्षण विभाग

फोन नं. ४-२२७५७४, ४-२२०३०३
फ्याक्स: ४-२२७३७४

(कृपया पत्रोत्तरमा प्राप्त पत्र संख्या र मिति उल्लख गर्नुहोला ।
बबरमहल, काठमाडौं, नेपाल

प्राप्त पत्र संख्या र मिति:-
पत्र संख्या:- २०७९/२०८०
च. नं.:- ३८१

मिति : २०७९/०७/२७

श्री डिभिजन वन कार्यालय (८४ वटै) ।

विषय : निर्णय कार्यान्वयन गर्ने गराउने सम्बन्धमा ।

प्रस्तुत विषयमा श्री वन तथा वातावरण मन्त्रालय, शासकीय सुधार शाखाको प.स: शा. सु शा. २०७९/८०, चलानी नं. ५५, मिति २०७९।०७।२५ को प्राप्त पत्रको सन्दर्भमा श्री अख्तियार दुरुपयोग अनुसन्धान आयोग टङ्गाल काठमाण्डौको प.स.५ अनु/०७९/८०, चलानी नं. १९५२४, मिति २०७९।०७।१५ को पत्रानुसार जाजरकोट जिल्ला छेडागाड नगरपालिका वडा नं.१२ स्थित चामेपातल सामुदायिक वन उपभोक्ता समुहका अध्यक्ष भिम बहादुर रोकाय समेतका पदाधिकारीहरुले पालैपालो आफ्नो कार्यकालमा बनका कर्मचारीहरुसंगको मिलेमतोमा खोटो संकलन गरेको, वन समुहमा प्राप्त रकम विधालयहरुलाई उपलब्ध गराएको र लेखा परीक्षण नगराएको भन्ने समेत व्यहोराको उजुरीका सम्बन्धमा आयोगबाट अनुसन्धान भई वन समितिका पदाधिकारीहरुले प्रचलित कानुनको पूर्ण परिपालना नगरेको ठहर गरी आयोगमा भएको निर्णयका सम्बन्धमा सबै डिभिजन वन कार्यालयहरुलाई निर्देशन एवं परिपत्र हुन वन तथा वातावरण मन्त्रालयमा लेखि आएको हुँदा सोहि बमोजिम हुन निर्णयानुसार अनुरोध छ ।

**निर्णयः "सामुदायिक वन उपभोक्ता समुहहरुको आर्थिक क्रियाकलापलाई व्यवस्थित पार्न सामुदायिक वन उपभोक्ता समुहको आर्थिक कार्यविधि निर्देशिका, २०७३ को अक्षरस परिपालना गर्न गराउन उपभोक्ता समुहहरुको कोष व्यवस्थित गराउन वन ऐन २०७६ को दफा २२(१) मा व्यवस्था भए अनुसार कार्य योजना बनाई खर्च गर्ने प्रबन्ध मिलाउन वन नियमावली, २०७९ को नियम ४३ (५) मा रहेको डिभिजन बन अधिकृत वा निजले खटाउको कर्मचारीले सामुदायिक वन उपभोक्ता समुहले राखेको लेखा र अभिलेख जाँचबुझ गर्न सक्ने व्यवस्थाको कार्यान्वयन गर्न गराउन र सब डिभिजन वन कार्यालयहरुबाट प्रत्येक सामुदायिक वन उपभोक्ता समुहहरुको नियमित अनुगमन गर्ने र समुहलाई प्राविधिक सहयोग पुर्याई श्रेस्ता तथा अभिलेख व्यवस्थापन गर्ने गराउने कार्यलाई प्रभावकारी बनाउन सुझाव लेखि पठाउने"** ।

बोधार्थ
श्री प्रदेश वन निर्देशनालय (७ वटै) ।

सुरेन्द्र प्रसाद अधिकारी
सहायक वन अधिकृत